Review Article

# मृतजीवी कथाको सांस्कृतिक अध्ययन

**प्रभा मरहट्ठा (कोइराला)**
**नेपाली विभाग सप्तगण्डकी बहुमुखी क्याम्पस**

**लेखसार**

*प्रस्तुत लेखमा 'मृतजीवी' कथालाई सांस्कृतिक अध्ययनका दृष्टिले विश्लेषण गरिएको छ । यहाँ सांस्कृतिक अध्ययनका सैद्धान्तिक अवधारणामा केन्द्रित भई नारीवादी चिन्तन, प्रतिनिधित्व, लैङ्गिक संस्कृति, पहिचान र जातीयसंस्कृति साथै प्रतिरोध र उन्मुक्तिको चाहनामा आधारित मान्यतालाई अवलम्बन गरेर अध्ययन र विश्लेषण गरिएको छ । नेपाली समाजमा एउटी नारीले परिवारबाट उत्पीडित हुँदा समाजबाट पनि उसले न्याय नपाउने स्थिति, बहुबिवाहको संस्कृति, नारी नै पुरुषका सामन्ती सोचका संवाहक भएका स्थिति आदिको सफल चित्रण यस कथामा गरिएको निष्कर्ष निकालिएको छ ।*

**कुञ्जी शब्दहरुः** मृतजीवी, तथाकथित, पहिचान, सीमान्तकृत, मूलधार, प्रतिनिधित्व ।

## विषय प्रवेश

मृतजीवी कथा कथाकार किशोर पहाडीले रचना गरेका हुन् । उनको 'म के जवाफ दिऊँ शीर्षकको कथा' २०२८ सालमा 'नयाँ सन्देश' पत्रिकामा छापिएको पहिलो कथा हो । उनका 'बाँच्नु र बाँचेकाहरू' (२०३७), 'घर खण्डहर' (२०३७), 'कथाकोण' (२०४४), 'विसुदाइ' (२०४५), 'किंवदन्ती' (२०५३), 'सर्वज्ञ र सेक्स' (२०५५) कथा संग्रहहरू प्रकाशित छन् । उनी प्रायः भावनात्मक र छोटा कथा लेख्नतिर बढी रुचि राख्ने कथाकार हुन् । उनको 'मृतजीवी' कथा २०३९ सालमा रूपरेखा पत्रिकामा प्रकाशित कथा हो । यो कथा नारीमा केन्द्रित कथा हो । देवयानी यस कथाकी केन्द्रीय नारी पात्र हुन्, उनकै पीडा र समस्यामा कथाका घटनाक्रमहरू अगाडि बढेका देखिन्छन् । पुरुषवर्गको हैकमवादले गर्दा अन्यायमा परेकी देवयानीको सङ्घर्षशील जीवनलाई कथामा संवेदनशील रूपमा अभिव्यक्त गरिएको छ । नारी समस्या र अनुभूतिका दृष्टिले यो कथा निकै उत्कृष्ट र प्रतिनिधि कथा हो । यो कथा सांस्कृतिक पहिचान र नारी प्रतिनिधित्वका दृष्टिले पनि उत्तिकै महत्वपूर्ण देखिन्छ । सांस्कृतिक अध्ययनका अनेक प्रवृत्ति र पद्वति छन साथै विभिन्न सैद्धान्तिक पर्याधारको प्रयोग पनि यस अन्तर्गत गर्न सकिन्छ । प्रस्तुत लेखमा भने मृतजीवी कथामा केन्द्रित भई नारीवादी र जातीय कोणबाट सांस्कृतिक प्रतिनिधित्वलाई हेर्न खोजिएको छ । कथामा के कस्तो आर्थिक सामाजिक प्रभुत्व र वर्ग संरचना रहेको छ भन्ने जिज्ञासा राखी प्रतिनिधित्व, पहिचान र प्रतिरोधका सन्दर्भलाई केलाउँदै सम्बन्धित मान्यताको उपयोग पनि सान्दर्भिक ठाउँमा गरिएको छ। मृतजीवी कथामा

शीर्षकीय सन्दर्भ र कथावस्तुको अध्ययन गरेर नारीको प्रतिनिधित्वलाई पहिचान गरी विश्लेषण गरिएको छ। नारीका पीडा र व्यथालाई खोतल्दै प्रतिशोधको स्थिति कसरी सिर्जना भएको छ भन्ने कुराको अध्ययन र विश्लेषण गर्दा विषयवस्तु र तथ्यहरूको आधारमा निगमनात्मक, आगमनात्मक विधिको प्रयोग गरिएको छ साथै व्याख्या, विश्लेषण र अनुसन्धानका क्रममा वर्णनात्मक पद्धतिको पनि प्रयोग गरिएको छ।

## सांस्कतिक अध्ययनको सैद्धान्तिक अवधारणा

मृतजीवी कथा सांस्कृतिक अध्ययनका दृष्टिले पनि अत्यन्त सबल रहेको छ। यस कथाको अध्ययन र विश्लेषण अन्य कोणबाट पनि गर्न सकिन्छ तर यहाँ सांस्कृतिक अध्ययनका सैद्धान्तिक अवधारणामा केन्द्रित भई नारीवादी, प्रतिनिधित्व, लैङ्गिक संस्कृति, पहिचान र जातीयसंस्कृति साथै प्रतिरोध र उन्मुक्तिको चाहनामा आधारित मान्यतालाई अवलम्बन गरेर अध्ययन र विश्लेषण गरिएको छ। संस्कृति मानिसको जीवन मार्ग हो। सांस्कृतिक व्यवस्थाको परिधिभित्र मानिसको भौगोलिक परिवेश समेटिएको हुन्छ। सांस्कृतिक प्रक्रियासँग मानिस र समुदायको घनिष्ट सम्बन्ध रहन्छ। सामाजिक घटना, चाडपर्व, संस्कार, रीतिरिवाज आदि सबैका स्वरूपहरू संस्कृति अनुसार निर्धारण गरिएका हुन्छन् र समुदायमा जीवन्त बनेर अगाडि बढ्छन्। यिनै संस्कृतिसँग जोडिएका प्रतीकहरूले दिने अर्थमा नै सामाजिक-सांस्कृतिक व्यवस्था अडिएको हुन्छ। सांस्कृतिक परिवेश अनुसार प्रतीकहरूको अर्थ लाग्दछ साथै प्रतीकको सही अर्थ लगाउन सम्बन्धित संस्कृतिको गहिरो ज्ञान हुनु पर्दछ। मानव समाजमा संस्कृतिको महत्वपूर्ण स्थान रहेको देखिन्छ। सांस्कृतिक क्रियाकलापले समाजमा आफ्नो छाप छोडेको हुन्छ। एउटै जात र धर्म मान्ने भएपनि स्थान र परिवेश अनुसार मानिसले आ-आफ्नै ढङ्गले सांस्कृतिक अभ्यास गरेका हुन्छन् (अर्याल, २०६८ : १२५)। संस्कृतिलाई परम्परागत रूपमा भन्दा पनि परिवर्तनशील र शक्तिशाली अवधारणाका रूपया बुझ्न उपयुक्त देखिन्छ। सांस्कृतिक संरचनाले अस्तित्वको अनुभूति गराउँछ साथै वैधता पनि प्रदान गर्दछन्। सांस्कृतिक चाल चलन एवम् संस्कारले मानिसलाई सामाजिक आदर्शताको बोध गराउँछ साथै धार्मिक आचरणलाई व्यवहारिक रूप दिन्छ। सांस्कृतिक संस्कार मानव व्यवहारबाटै निर्मित र आर्जित सामाजिक व्यवहारहरूको स्वरूप हो। समाजमा बसोबास गर्ने हरेक सदस्य यसबाट मुक्त रहन सक्दैन। सामाजिक ज्ञान, विज्ञान, कला, साहित्य, धार्मिक सांस्कृतिक मान्यता, राजनीतिक, दर्शन, सामाजिक चेतना, विचार, भौतिक संरचना, व्यवहारिक जीवनमा प्रयोग हुने वस्तु औजार आदिको समग्रता संस्कृति हो। कतै मूर्त र कतै अमूर्त रूपमा देखापरे पनि मूलत यो भौतिक वा मूर्त र अभौतिक वा अमूर्त सामाजिक व्यवहारहरूको एकीकृत स्वरूप हो। यसमा मानसिक तथा शारीरिक श्रम र सिर्जनाको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ। त्यसैले संस्कृतिमा यस्ता-यस्ता चिज पर्दछन् र यस्ता चिज पर्दैनन् भनेर किटान गर्न सकिदैन। संस्कृतिका विविध पक्षहरू रहेका हुँदा तिनै पक्षलाई केन्द्र मानी कुनै कृतिलाई अध्ययन र विश्लेषण गर्नं नै सांस्कृतिक अध्ययन हो। सामाजिक संस्कृतिको ज्ञान, शक्ति र सत्तासँग सम्बन्ध रहेको हुन्छ। साहित्य सिर्जनामा पनि त्यसको प्रभाव परेको हुन्छ। कतिभित्र सम्बन्धित ज्ञान र सत्ताको सम्बन्धको खोजी गर्दै केन्द्र र परिधी बीचमा के कस्तो सम्बन्ध स्थापित भएको देखिन्छ भन्ने कुरा देखाउने प्रयास पनि सांस्कृतिक अध्ययनमा गरिन्छ। सांस्कृतिक अध्ययनको क्षेत्र अत्यन्तै व्यापक र फराकिलो रहेको छ। सांस्कृतिक अध्ययन न त भौतिक

विज्ञानको जस्तो मूर्त र सीमावद्ध हुन्छ, न छुट्टै सैद्धान्तिक दार्शनिक आधार भएको विशिष्ट किसिमको छ । यो अध्ययनले उदारतापूर्वक मानवीय वाङमयका कला, विज्ञान जस्ता विभिन्न विधा वा क्षेत्रबाट सिद्धान्त र विधि लिन्छ अनि आवश्यकता र उद्देश्य अनुरूप यिनको प्रयोग गर्छ । त्यसैले सांस्कृतिक अध्ययन बृहत् अध्ययन हो । यसमा धेरै सिद्धान्तहरू र अवधारणाहरू अटाएको देखिन्छ । विशेषतः ज्ञानोदय कालपछि मार्क्सवाद, उत्तर उपनिवेशवाद, नारीवाद, उत्तर संरचनावाद, उत्तर आधुनिकतावाद, जस्ता विविध वादसँग सम्बन्धित सैद्धान्तिक अवधारणाहरूको उपयोग सांस्कृतिक अध्ययनमा गरिन्छ । यो अध्ययन एउटै सिद्धान्त वा अवधारणामा सीमित भई अडिँदैन ।

**सास्कृतिक अध्ययनका विशेषताहरू**

सांस्कृतिक अध्ययनले सांस्कृतिक व्यवहार र शक्तिसँग त्यसको सम्बन्धलाई हेर्ने उद्देश्य राख्दछ अर्थात यसको निश्चित लक्ष्य भनेको शक्तिसम्बन्धलाई अनावृत गर्ने हो र कसरी त्यस्तो शक्तिले संस्कृतिलाई आकार प्रदान गर्दछ भन्ने कुराको खोजी गर्नु हो ।

सांस्कृतिक अध्ययनले सामान्य वा सोझो किसिमले संस्कृतिको अध्ययनमात्र गर्ने नभई सामाजिक, राजनीतिक सन्दर्भबाट साथै आर्थिक र भौगोलिक परिस्थितिबाट पनि कृतिमा समाविष्ट विषयवस्तुको समग्रमा अध्ययन गर्दछ। देशको राजनीतिक र सामाजिक सन्दर्भले संस्कृतिमा पारेको प्रभावको पनि खोजी गर्दछ ।

सांस्कृतिक अध्ययनले ज्ञानको विभाजनलाई अनावृत्त गर्ने र जोड्ने दुवै कार्य गर्दछ। यसले ज्ञानको अमूर्त विभाजनलाई मेट्न चाहन्छ । स्थानिय संस्कृतिमा आधारित सहज वृत्तिमूलक ज्ञान र तथाकथित सार्वजनिक ज्ञानविचको विभाजनलाई पनि मेट्न चाहन्छ। सांस्कृतिक अध्ययनले आधुनिक समाज र राजनीतिक क्रियाकलापको नैतिक मूल्याङ्कन गर्न चाहन्छ र यस अर्थमा यो अध्ययनलाई पूर्णतः निष्पक्ष वा तटस्थ मान्न सकिँदैन । वास्तवमा सांस्कृतिक अध्ययनले समाजका विविध क्रियाकलाप र व्यवहारहरूको अध्ययन गर्दछ र यो अध्ययन महत्वपूर्ण प्राज्ञिक गतिविधि पनि हो । यसले आलोचनायुक्त राजनीतिक सहभागितामा सामाजिक पुनसंरचनाको खोजी गर्दछ। खासगरी आद्यागिक पूँजीवादी समाजमा यसको उद्देश्य व्याप्त प्रभुत्वको संरचनालाई बुझ्नु र सामाजिक कु-संस्कृतिलाई परिवर्तन गर्नु पनि हो ।

कुनैपनि साहित्यिक कृतिमा अन्तर्निहित सांस्कृतिक विषयबस्तुहरूको अध्ययन विभिन्न सांस्कृतिक अध्ययनका कोणबाट अनुसन्धानात्मक विश्लेषण गर्न सकिन्छ। कृतिका विषय सन्दर्भले समेटेको आयामलाई दृष्टिगत गरी आवश्यकता अनुसारको अध्ययनको निश्चित ढाँचा निर्माण गर्न पनि सकिन्छ । त्यसैकारण मृतजीवी कथामा सांस्कृतिक अध्ययनका लागि कथावस्तु र शीर्षकीय सन्दर्भ, लैङ्गिक संस्कृति र प्रतिनिधित्वको सन्दर्भ, नारी समस्या र जातीय सांस्कृतिक परिवेश, प्रतिरोध र उन्मुक्तिको चाहनाजस्ता शीर्षकलाई मुख्य आधार बनाइएको छ । सांस्कृतिक अध्ययनका यिनै विषयवस्तुलाई आधार बनाइएको छ ।

**'मृतजीवी' कथाको विश्लेषण**

**क) कथावस्तु र शीर्षकीय सन्दर्भ**

'मृतजीवी' शीर्षक एक शब्दात्मक छ । यो नामपद हो । यो शब्द दुई विपरीत अर्थ लाग्ने स्वतन्त्र शब्दहरूको योगबाट बनेको देखिन्छ । 'मृत' र 'जीवी' दुई शब्दमा मृतको अर्थ मरेको हुन्छ भने त्यसको विपरीत जीवीको अर्थ जीवित भन्ने हुन्छ । मरेर बाँचेको भन्ने अर्थ प्रधान गर्ने मृतजीवी शीर्षकले यस कथाकी केन्द्रीय नारी पात्र देवयानीको बँचाइलाई सङ्केत गरेको छ । मरेर बाँच्न कसरी सकिन्छ ? मरेर पनि किन बाँच्नु पर्छ ? भन्ने प्रश्न यहाँ सिर्जना हुन्छ । शीर्षकले नै व्यङ्ग्य प्रकट गरेको यस कथामा नारी पात्र देवायानीको मृतजीवी जीवनको चित्रण गरिएको छ । नव पूँजीवादी संस्कृति र नेपाली अर्ध उपनिवेशवादी, सामन्तीवादी पितृसत्तात्मक संस्कृतिमा बनेको सामाजिक संरचना र संस्कारले नेपाली नारीलाई झनै बढी उत्पीडित बनाइ मृत जीवन बोकर हिइन बाध्य बनाइएको छ भन्ने कुराको सही चित्रण मृतजीवी कथामा गरिएको देखिन्छ । देवयानीले आफ्नो लोग्ने र घरका अन्य सदस्यहरूबाट तिरस्कृत र उपेक्षित बनेर पनि त्यही घरमा आफ्नो श्रम र पसिना बगाएर बसेको देखिन्छ । एकदिन देवयानीको लोग्नेले पारपाचुकेको फर्ममा सही गर्न भन्यो तर उसले नमान्दा घरका सबै परिवार मिलेर "मट्टितेल खन्याएर तँलाई बालिदिन्छौं" भन्ने धम्कीपछि ऊ त्यो घर छोडेर भागेकी हुँदा उसका लागि सहाराविहीन जीवन मृत सरह लागेको देखिन्छ तैपनि उसले सङ्घर्ष गरेर अर्कोको घरमा नोकर्नी बसी बाँचिरहेकी हुँदा कथाको विषयवस्तुलाई शीर्षकले सङ्केत गरिरहेको छ ।

'देवयानी ! यही शब्द आश्चर्य र सम्बोधन जसरी पहिलो वाक्यका रूपमा राखी कथाको सुरुवात भएको छ । यो नाम कथाकी केन्द्रीय नारी पात्रको हो । नाम हिन्दु धर्माश्रित दर्शन अनुसार राखिएको छ । नाम जति मीठो र सुन्दर लाग्छ उसको जीवन ठीक विपरीत त्यत्तिकै निरस र दयनीय संवेदनाले भरिएको छ । देवयानीको जीवन मृतजीवी भएर बाँचिरहेको छ र मृत्युकै पर्खाइमा भए पनि उसले सामन्ती समाज, संस्कृति र पारिवारिक अन्यायका विरुद्धमा मौन सङ्घर्ष गरिरहेकी छ । घरमा बस्न सक्ने वातावरण नपाएपछि भागेर अर्कोको घर गई नोकर्नी बस्दा पनि त्यही गएर खेदो खन्ने लोग्नेले दिएको पीडालाई लुकाएर भागी-भागी हिँड्न विवश देवयानी मृतजीवी पात्रका रूपमा कथामा उभिएकी छे । कथामा देवयानी र उसकी सासू मिलेर ज्यामी काम गरेर उसको लोग्नेलाई पढाएको देखिन्छ। तर जब पढेर पैसा कमाउन थाल्यो त्यसपछि देवयानीलाई मात्र घरमा एक्ल्याएर निकाल्ने, छोड्पत्रमा सही गर्न लगाएर अर्को विवाह गर्ने जस्ता प्रयासहरू गर्न थालेको देखिन्छ । त्यसैले यस कथामा सामन्ती पितृसत्तात्मक सामाजिक संरचना र पुरुषको हैकमवादी प्रवृत्तिले गर्दा देवयानीले घरमा गरेको त्याग र श्रमको शोषण गरी उसको विश्वास, इच्छा र सपनामाथि अभिधात गरिएको छ। उसले लोग्नेले कमाउन थालेपछि त मैले पनि सुखपाउँछु होला भन्ने सोचेकी थिई तर त्यसको ठीक विपरीत लोग्नेले कमाउन थालेपछि त लोग्ने र घरका सासू, नन्द सबैले उसकै विरुद्धमा लागेर मार्ने धम्की दिएबाट सासू र नन्द महिला भएर पनि महिला माथिनै अन्याय र अत्याचार गर्न तम्सिएको देखिन्छ । यसरी नारीले नारीलाई नै अन्याय गर्न खोज्ने प्रवृत्तिले गर्दा पनि पितृसत्तात्मक सामन्तवादी हैकमवादी प्रवृत्ति भएका पुरुषहरूले झन् आड पाइराखेको देखिन्छ । यस कथाकी

समाख्याता 'म' पनि नारी पात्र नै रहेको देखिन्छ तर म पात्र सत्ता, शक्ति र ज्ञानको विमर्शात्मक संरचना भित्र रहेकी नारी पात्रका रूपमा देखिन्छ भने देवयानी सीमान्तीय वर्गकी नारी पात्रका रूपमा देखिन्छ । देवयानी ग्रामीण परिवेशकी अशिक्षित नारी पात्र भएता पनि उसको लोग्नेले गरेको पशुवत् व्यवहारको मौन विरोध गरी घर त्याग गरेर हिंडेकी देखिन्छ । त्यसैले कथाको शीर्षकले कथाको विषयवस्तुको सन्दर्भलाई व्यक्त गरिरहेको सङ्केत पाउन सकिन्छ । कथाको शीर्षक र विषयवस्तु अन्तरसम्बन्धित पनि रहेको छ ।

**ख) प्रतिनिधित्वको सन्दर्भ र लैङ्गिक संस्कृति**

प्रतिनिधित्वका दृष्टिले हेर्दा यस कथाकी मुख्य पात्र देवयानीकै वरिपरि कथा घुमेको हुँदा नारी समुदायको प्रमुख प्रतिनिधित्व र उपस्थिति यस कथामा देखिन्छ । यस कथाकी समाख्याता म पात्र पनि नारी र केन्द्रीय पात्र देवयानी पनि नारी नै रहेका हुँदा सिङ्गो कथा नै नारी जीवनका पीडा र समस्याहरूलाई खोतलेर देखाउने प्रयासमा तयार गरिएको जस्तो लाग्छ । कथामा 'म' नारी पात्र भए पनि नारीका दुःखमा त्यति संवेदनशील नहुनुले उसमा हैकमवादी प्रवृत्ति रहेको छ भन्न सकिन्छ । देवयानी आर्थिक रूपले विपन्न परिवारकी बालिका  हो सानै उमेरमा बिहे गरी लोग्नेको घर आएकी र बाबु आमा पनि गुमाइ सकेकी टुहुरी केटीका रूपमा रहेकी देखिन्छ । घरमा लोग्नेलाई पढाउने क्रममा ज्यामीकाम गरेर पैसा सङ्कलन गरी पढ्न खर्च जुटाइ दिएकी हुँदा उसलाई लोग्नेले पढिसकेर कमाउन थालेपछि त सुख पाइन्छ भन्ने विश्वास लाग्नु स्वभाविकै देखिन्छ । उसको लोग्नेको घर परिवार पनि आर्थिक दृष्टिले नाजुकै रहेको र सामन्तीय वर्गकै रहेको देखिन्छ । पढ्नको लागि खर्च जुटाउन देवयानीले रातदिन अर्काको निवेक गर्न जाने, ज्यामी काम गर्न जाने गरेको देखिन्छ । नेपाली समाजको बहुसंस्कृतिक परिवेशमा देवयानी नेवार (महर्जन) जातकी नारी र नेवारी संस्कृतिमा हुर्किएकी प्रतितिधि नारीको रूपमा देखिन्छे । विभिन्न जाति, भाषा, धर्म, संस्कृति र वर्गगत विविधता नेपाली समाजको विशेषता हो र नेपाली हरेक सांस्कृतिक परिवेशमा नारीहरूनै उत्पीडित वर्ग, जाति, लिङ्ग, क्षेत्रका समुदायभित्र पनि अझवढी उत्पीडित समुदायमा पर्दछन् । यसको कारण उत्पीडित वर्ग, जाति र क्षेत्र भित्रका पुरुषहरूले पनि नारीलाई नै थप उत्पीडित बनाएको देखिन्छ । (यमि भट्टराई, २०६३ : ४८) मृतजीवी कथाकी देवयानी पनि सामन्तीय वर्गकी नारी रहेकी हुँदा सामन्तीय वर्गले सहेको उत्पीडन त उसले सहनै पर्‍यो साथै पितृसत्तात्मक पुरुष हैकमवादी संस्कृतिमा हुर्केको उसको लोग्नेको पशुवत् व्यवहार र अन्यायमा पनि ऊ परेको देखिन्छ । पुरुषले जति बिहे गरे पनि सहजरूपमा लिने पितृसत्तात्मक सामाजिक संरचनाले  गर्दा देवयानीको लोग्ने उसलाई गलत्याएर अर्को बिहे गर्न तम्सेको सन्दर्भ कथामा यसरी आएको देखिन्छ ।

> "....उसले एउटा फर्म लिएर  आयो र त्यसमा सही गर्न भन्यो । त्यो पारपाचुके गर्ने फर्म थियो । म खङ्ग्रङ्ग भएँ । उसले अव मलाई धपाएर एकजना ओभर सियर्नी स्वास्नी लेराउने रे । ...... पारपाचुके गरेर म कहाँ जाने ? उसले आँखा ठूला ठूला पारेर जहाँ जाने हो जान भन्यो । ...." (मृतजीवी, पृ. १८६)

प्रस्तुत कथनबाट पनि देवयानीको लोग्नेले अर्को बिहे गर्नकै निम्ति उसलाई घरबाट छिटो हटाउन

पारपाचुके गर्न खोजेको देखिन्छ । उसको घरका अन्य नारी सदस्य सासू र नन्द पनि लोग्ने कै पक्षमा उभिएका देखिन्छन् । पुरुषको हैकमवादी प्रवृत्तिबाट अधिनस्त उनीहरूमा यसरी देवयानीलाई अन्याय गर्नु हुँदैन, छोरालाई अर्को बिहे गर्नबाट रोक्नुपर्छ भन्ने धारणा र चेतनाको विकास भएको देखिँदैन । उल्टो उसको लोग्नेलाई हौसला प्रदान गर्दै मार्ने धम्की दिइएको कुरा कथामा यसरी आएको छ ।

> "…. मेरो चुल्ठो समात्यो र भकुर्न थाल्यो ।" हरेक पल्ट उसले फर्ममा सही गर्न भन्यो । मैले गर्दिन भन्दै रहेँ र उसको पुरा परिवार मिलेर धम्की दिए, 'मट्टितेल खन्याएर तेरो शरिर बालिदिन्छौ ।' त्यसपछि म अति रोएँ , कराएँ । एकमनले लाग्यो, बालिदिए पनि जे गरे पनि यही बसिरहुँ तर अर्को मनले यो घरै छाडिदे भन्यो र म भागेँ त्यहाँबाट । ….." (मृतजीवी, पृ. १८७)

प्रस्तुत कथनबाट पितृसत्ताको आडमा पुरुषले नारीलाई उपेक्षा गर्ने भावना सहज रूपमा मौलाएको कुरा स्पष्ट हुन्छ । सानै उमेरमा बिहेगरी लोग्नेको घरमा दासी बनेर काम गरी लोग्नेलाई पढ्ने खर्च जुटाइ दिएकी देवयानीलाई कमाउन थालेपछि घरैबाट निकाल्ने प्रयास गर्नं अति अन्यायपूर्ण व्यवहार यहाँ देखिन्छ । जति श्रम गरे पनि आफ्नो स्वामित्वमा केही सम्पत्ति नभएकै कारण पुरुष हैकमवादी समाजले नारी प्रति उपेक्षित भाव राखेको देखिन्छ । ज्ञान र शक्तिबाट पनि टाढा रहेकै कारण देवयानीलाई अन्याय गरिएको देखिन्छ । नेपालका सबै धर्म र संस्कृतिमा नारीहरू नै बहुरूपी शोषणको केन्द्रविन्दु बन्न पुगेका छन् । नेपालको सांस्कृतिक परिवेशमा लैङ्गिक शोषण हुनुको मुख्य कारण यहाँको पैतृक सम्पत्तिमाथि हक हनु र नहुनुको सम्बन्धबाट जन्मिएको देखिन्छ । छोराहरूले जन्मने बित्तिकै पैतृक सम्पत्तिमाथि निःसर्त अधिकार जमाउन पाउनु तर छोरीहरू यसबाट वन्चित हुनपर्ने सामन्ती पितृसत्तात्मक सामाजिक संरचनामा नारीमाथि भेदभाव र उपेक्षाभाव त्यहाँबाटै खडा गरिएको देखिन्छ ।

नेपाली संस्कृतिमा समाजले दिएको भूमिकाका आधारमा पुरुष प्रभुत्वशाली र नारी प्रभुत्वहीन वर्गका रूपमा स्थापित गराइएको छ । पुरुषवर्गले आफ्नो प्रभुत्व कायम राख्न स्थापित गरेका सामाजिक मान्यतामा नारीलाई प्रभुत्वहीन भूमिका दिएर पुरुषवर्गले समाजमा हैकम जमाएको देखिन्छ । मृतजीवी कथाकी देवयानी आर्थिक र लैङ्गिक दुवै देष्टिले सीमान्तकृत वर्गकी प्रतिनिधि पात्रका रूपमा रहेकी देखिन्छ । ऊ वर्गीय र लैङ्गिक उत्पीडनको दोहोरो मारमा परेको देखिन्छ । जीवनलाई परिचालन गर्न घर, लोग्ने चाहिन्छ भन्ने सोचले घरमा सहयोग गर्ने देवयानी लोग्नेबाट नै उपेक्षित र परित्यक्ता बनेकी नारी पात्र हो । आफूभित्र अनगिन्ती पीडा बोकेर पनि धैर्यता र संयमताले नै संसारलाई जित्न सकिन्छ भन्ने सोच भएकी नारी पात्र पनि हो ।

### ग) नारी समस्या र जातीय सांस्कृतिक परिवेश

कथाको रचनाकालको विमर्शात्मक संरचनालाई हेर्दा र घटना प्रसङ्ग र पात्र जीवनका भोगाइका सन्दर्भलाई हेर्दा कथा रचनाको ऐतिहासिक कालखण्ड पञ्चायती व्यवस्थाको उत्कर्ष कालखण्ड रहेको

देखिन्छ । सामन्ती उत्पादन सम्बन्धमा आधारित त्यस समाजमा शिक्षाले पनि देवयानीको लोग्नेलाई झन सामन्ती ज्ञान थपिदिएको देखिन्छ । वर्गीय उत्पीडनको स्थिति निकै बर्बर रहेको परिवेशमा नारी उत्पीडन त झनै बढ्ने नै भयो । आर्थिक दृष्टिले गरिव, किसान, मजदुर, महिला र अन्य निम्न वर्गीय समुदायहरू शासकीय तहबाट त उपेक्षित र उत्पीडित नै थिए । स्थानीय र सामाजिक तहमा पनि सामन्ती वर्गका उत्पीडनका सिकार थिए । मृतजीवी कथामा देवयानीको घर आर्थिक दृष्टिले निकै कमजोर रहेको र सानै उमेरमा वा पाँच कक्षामा पढ्दा पढ्दै बिहे भएको देखिन्छ । यस हिसाबले ग्रामीण परिवेश भएपनि शैक्षिक दृष्टिले मुलधार उन्मुख सामाजिक परिवेश रहेको बुझिन्छ। निवेक र ज्यामी काम गरेर भए पनि घरमा लोग्नेलाई पढ्न खर्च जुटाइदिने देवयानी पढेपछि सरकारी काम पाउँछ र पैसा कमाउन थाल्छ अनि त सुख पाइन्छ भन्ने सोच बोकेकी नारी पात्र भएको हुँदा त्यस समाजमा छोरालाई पढाउनु पर्छ भन्ने सोच बोकेको वर्गीय सचेतना आइसकेको देखिन्छ । त्यसैले कथामा आएको ग्रामीण परिवेश काठमाण्डौंकै शहरी इलाकाको प्रभाव परेको छेउछाउको पहाडी भू-भाग भएको बुझिन्छ। ज्ञान शक्तिको स्रोत हो भन्ने उत्तर संरचनावादी फुकोले भने जस्तै देवयानीलाई पाँच कक्षासम्मको पढाइले पनि केही चेतना र हिक्मत थपिदिएको देखिन्छ। माइतमा पनि बाबु नभएकी टुहुरी छोरी हुनु आमाले दुःख-जिलो गरेर पाँच कक्षासम्म पढाएर बिहे गरी दिनु, आमाको चाँडै नै निधन भएर लोग्नेको घर बाहेक जाने ठाउँ कतै नपाउनु आदि उसका जीवनका समस्याहरू हुन । यी समस्यालाई उसले सहज रूपमा लिएर सङ्घर्ष गरेको देखिन्छ । लोग्नेलाई पढाउन ज्यामी काम गर्नं र उसैले तिरस्कार र उपेक्षा गरेपछि लुरुक्क पारपाचुके नगरी घर त्यागेर हिँड्नुबाट पनि उसलाई ज्ञानले सहयोग गरेको देखिन्छ। देवयानीमा अन्यायको प्रतिकार गर्ने विद्रोही भावना त पलाएको छ तर उसलाई सहयोग गर्ने अपेक्षित व्यक्ति कोही भेटेकी छैन । कथामा उसका भावना यसरी प्रकट भएका छन् -

"..... ऊ अहिलेसम्म एक गाउँले पहाडीया विद्यार्थीबाट एक स्तरीय, सभ्य, हाकिम साहेब भइसकेको थियो तर म भने त्यही गाउँले असभ्य किसान नै थिएँ । यही अन्तरले होला ऊ, उसकी आमा, हजुरआमा, भाइ-बहिनी सबैले म प्रति उपेक्षाको भाव देखाउन थाले । देवयानी महर्जन नामकी कुनै केटीले उनीहरूको परिवारको निम्ति कति दुःख गरेकी थिई भन्ने कुरा सबैले बिर्सिए । म यस संसारमा एक्ली, पिल्सिँदै गएँ ।" (मृतजीवी, पृ. १८७) ।

देवयानीबाटै आएको प्रस्तुत कथनले पनि उसको हृदयमा विद्रोहका ज्वाला बलेका छन् । तर सामन्ती समाजमा ऊ एक्ली देखिन्छे र साथ दिने कोही नहुँदा र जाने र पीडा पोख्ने ठाउँ पनि कहीँ नहुँदा पिल्सिएर त्यही घरमा बस्न बाध्य भएको स्थितिको बोध हुन्छ। त्यसैले यो कथामा कथाकारले देवयानीलाई केन्द्र बनाएर शक्तिहीन र आवाजहीन नारीहरूलाई आवाज दिएर अन्यायको विरुद्धमा चेतना जगाउने प्रयास गरेको देखिन्छ ।

आर्थिक रूपमा कमजोर अवस्थामा रहेको परिवारमा देवयानीले लोग्ने पढाउन ज्यामी काम गर्न अनि पढिसकेपछि अर्को बिहे गर्न उचालिनु, घरका सासू, नन्द, बुढीसासू समेत लोग्नेको पक्षमा

लागेर उसलाई घरबाट निकाल्ने प्रयास गर्नु यी सबै कार्यमा समाजको कुनै प्रतिरोध नदेखिनु आदि सबै पितृसत्तात्मक सामन्ती समाजमा पुरुषको हैकमवादी सांस्कृतिक परिवेशले नारीमाथि गरेका अन्याय र अत्याचारका नमुना हुन् । नारीलाई शारीरिक तथा मानसिक रूपमा उत्पीडित बनाउने कारकका रूपमा पुरुषप्रधान समाजमा पुरुष नै प्रमुख रूपमा खडा भएको देखिन्छ । यस कथामा देवयानीका घरका अन्य नारी सदस्यले पनि पुरुषको सामन्ती संस्कारलाई आफ्नै संस्कार जसरी लिएर उसलाई अन्याय गर्दै सामन्ती संस्कृति कै संवाहक बनेको देखिन्छ । शिक्षाका दृष्टिले पनि उछाडि परेका यी नारीहरू मूलधारभन्दा पृथक सीमान्तीय अवस्थामा देखिन्छन । देवयानीका विद्रुप पीडामा अरू नारीले झन मलजल गरिरहेका छन् । नेपाली समाजमा लोग्नेबाट उपेक्षित नारी घर माइत सबै तिरबाट उपेक्षित नै हुन्छ भन्ने त सांस्कृतिक आहान नै छ त्यही कुरा देवयानीको जीवनमा लागु भएको देखिन्छ । नेपाली समाजमा छोरालाई प्रमुख स्थान दिने र छोराले हेला गरेकी बुहारीलाई झन सासूले बढी दुःख दिएर घरबाट निकाल्ने प्रयास गर्ने संस्कार बसिसकेको छ । नारीलाई यसरी उपेक्षित र उत्पीडित बनाउने कु-संस्कृतिका संवाहक नारीहरू नै बनेको कुरा यस कथामा स्पष्ट देखिन्छ । एउटा पुरुष (देवयानीको लोग्ने)ले नै घरका सबै सदस्यलाई अधिन बनाएर आफ्नो प्रभुत्व घरमा कायम गरेको देखिन्छ । प्रतिनिधित्वका दृष्टिले नारी पात्रकै वरिपरि घुमेको यस कथामा नेपाली समाजमा सामन्ती पुरुषहरूले नारीलाई गर्ने अन्याय, अत्याचार र शोषणबाट नारीहरू उत्पीडित बनेको कुरा छर्लङ्ग हुन्छ । त्यसैले पितृसत्तात्मक सामाजिक संरचनामा नारी शोषित-पीडित हुनाको कारण खोज्दा सहजरूपमा पुरुषमाथि औंला ठडिन्छ। त्यही स्थिति मृतजीवी कथाको देवयानीमा सिर्जना भएको देखिन्छ । निवेक गरेर लोग्ने पढ्ने खर्च जुटाउने देवयानी र पढेर जागिर खाएपछि उसलाई घरबाट निकाली सौता ल्याउने उसको लोग्नेका बीचमा अति पृथक् विमर्शात्मक संरचना र विभेदकारी सांस्कृतिक परिवेश खडा भएको देखिन्छ । संवेदनाहीन हिंस्रक उसको लोग्नेले पहाडी परिवेशमा आर्थिक कठिनाइले पढ्न नपाउँदा देवयानीलाई सक्दो उपयोग गरेको छ । उसैको पसिनामा पढ्ने खर्च जुटाएको देखिन्छ । जागिर खान थालेपछि अब त सुख पाइन्छ कि भन्ने आशा लिएकी देवयानीलाई पितृसत्तात्मक सामन्ती संस्कृति र शक्तिको आडमा घरबाट निकालेको छ । लोग्नेको पशुवत् व्यवहारबाट आत्तिएर घर त्याग्दा पनि दुःख दिएको स्थिति पनि कथामा पीडादायी रूपमा आएको देखिन्छ । नेपाली नारीहरूका यस्ता अनगिन्ती पीडाहरू मध्येकै यो एउटा कारुणीक पीडा हो । देवयानी जस्ता धेरै चेलीले पुरुषका यस्ता अन्याय, अत्याचार, दमन र उपेक्षा सहनु परेको छ। यस कथाको विमर्शात्मक संरचनामा सहर नजिकैको पहाडी परिवेशका सन्दर्भहरू आएका छन् । तत्कालीन विमर्शात्मक संरचनामा यो ठाउँ मूलधारभन्दा पृथक पाखातिर रहेको देखिन्छ । यस कथाको पुरुष पात्र विमर्शात्मक संरचनामा बिस्तारै अगाडि आएको देखिन्छ र उसले पनि त्यही शक्ति र ज्ञानको आडमा तत्कालीन सामाजिक परिवेश अनुकूल आफूलाई परिवर्तन गरी उल्टो बालविवाहमा परेकी नारी पात्र देवयानीलाई अन्याय र अत्याचार गरी अर्को बिहे गरेको देखिन्छ । विद्रोह गर्ने अनुकूल वातावरण नपाएकी देवयानीमा श्रमप्रति अगाध विश्वास रहेको देखिन्छ । ऊ जीवनज्योति बोकेकी वर्तमान र भविष्य प्रति आशा र विश्वास राख्ने पात्र हुँदाहुँदै पनि सामन्ती परुष र सामाजिक संस्कृतिले गर्दा घर त्याग्न बाध्य बनाइएकी देखिन्छे ।

**घ) प्रतिरोध र उन्मुक्तिको चाहना**

पितृसत्तात्मक समाज र सामन्तवादी आर्थिक संरचनाद्वारा उत्पीडित बनेकी नेपाली महर्जनकी छोरीलाई विषय बनाई नारीको विद्रुप पहिचानको सशक्त विमर्श मृतजीवी कथा बन्न पुगेको देखिन्छ । सीमान्तीकृत जातीय पहिचान बोकेकी देवयानी कमजोर आर्थिक संस्कृतिभित्र आफूलाई समायोजन गर्दै दिनभरि अर्काको निवेक गरेर ल्याएको पैसाले लोग्नेलाई पढ्न खर्च जुटाइ दिने श्रम विश्वास गर्ने मिहिनेति नारीका रूपमा देखिन्छे । उसले आफूले पढ्न नपाएपनि लोग्नेलाई पढाउने कुरामा घरमा पूर्ण समय र सहयोग गरेकी छे । देवयानीले घरका सदस्यसँग कमै बोलेको देखिन्छ, त्यो उसको दमित मनस्थिति कारण रहेको देखिन्छ । सामन्ती समाजमा बुहारी बनेर घरका हरेक काम देवयानीले नै गरे पनि उसले कतै पनि सासू वा लोग्नेलाई वचन लगाएको देखिदैन । लोग्नेले कमाउन थालेपछि उसका जीवनमा पत्याउनै नसक्ने घटनाहरू एक एक गरी घट्न थालेको देखिन्छ । उसले गल्ती विना नै पिटाई खाने, घरका सबै मिलेर सक्दो काममा जोताउने र गाली गर्ने जस्ता कार्यहरू गर्न थालेको देखिन्छ। यस स्थितिसम्म पनि ऊ पिल्सिएर सहेरै बसेकी छे । 'घरबाट निस्किएर जा' भन्ने लोग्नेको भनाइबाट पनि निकै पीडित भएकी देवयानीले जाने ठाउँ कही पनि देख्दिन । यस्तै घटना सहेर बसेकी देवयानीलाई एक दिन उसको लोग्नेले पारपाचुकेको फर्म ल्याएर सही गर्न लगाउँछ र यस स्थितिमा उसले गर्दिन भनेर प्रतिरोध गर्छे । प्रतिरोध गर्दा पटक-पटक उसको लोग्नेले पिट्ने, भुतल्ने गरेर सही गर्न कर गर्छ, तर ऊ यस कुरामा चाहिँ सचेत देखिन्छे । त्यहाँ सही गरेपछि म यो घरबाट स्वतः निस्केर जानुपर्छ, मेरो यहाँ बस्ने कुनै अधिकार हुँदैन भन्ने बुझेर उसले सही गर्न मान्दिन । यही निहुँमा उसलाई घरका सबै सदस्य मिलेर गाली र धम्की दिएका छन् । सधैं झगडा गर्ने र पिट्न जाइलाग्ने लोग्नेका पशुवत् व्यवहारबाट आत्तिएकी देवयानीलाई 'तेरो शरीर मट्टीतेल खन्याएर बालिदिन्छौं' भन्न थालेपछि निकै डर लाग्यो । उसले जाने ठाउँ कहीं नहुँदा-नहुँदै पनि जीवनरक्षाको लागि घरबाट भागेर हिँडेको देखिन्छ । प्रतिरोध गरेर पारपाचुकेको फर्ममा त सही नगरी हिड्छे तर सामन्ती पुरुष हैकमवादी समाजमा ऊ हिँडेपछि उसको लोग्नेले सौता सहज रूपमा ल्याउँछ । उसले त्यस घरमा बगाएको श्रम र पसिना समाप्त हुन्छ । उसले रित्तै हात निस्केर सहरको एक घरमा नोकर्नी भएर काम गर्छे । उसले घर, परिवार र समाजबाटै न्याय त पाउँदिन तर उसका मनमा मौन प्रतिरोधको ज्वालाचाहिँ बलेको देखिन्छ तर प्रतिवाद गर्दा साथ दिने कोही नहुँदा ऊ मौन बस्न बाध्य भएकी छे । नोकर बसेको घरकी मालिक्नी वा म पात्रले सहानुभूति देखाएर यही बस हामी पनि तेरा निम्ति काम गर्छौं भनेको देखिन्छ । प्रतिरोध गर्नलाई थोरै आड भरोसा त्यहाँ पाए पनि देवयानी त्यहाँबाट हिँडेर एक्लै प्रतिरोधमा उत्रने प्रयास गरेको सङ्केत कथामा पाउन सकिन्छ ।

**निष्कर्ष**

मृतजीवी कथा पूर्णतः नारी केन्द्री कथा हो र नारीको प्रतिनिधित्व नै कथामा मुख्य रूपमा आएको छ । यस कथाकी नारी पात्र मूलधारकी नारी नभई भौगोलिक र राजनीतिक दुवै दृष्टिले केन्द्रभन्दा पाखा पारिएका वा सीमान्तकृत बनाइएको शहर नजिकैको पहाडी इलाकाको प्रतिनिधि पात्र हो । सामाजिक, आर्थिक, राजनीति, लैङ्गिक आदि सबै कारणबाट पछाडि पारिएका उत्पीडित नारीहरूको प्रतिनिधित्व यस

कथाकी नारी पात्र देवयानीले गरेकी देखिन्छ ।

यस कथामा पितृसत्तात्मक सामन्ती पुरुष हैकमवादी समाजमा नारीहरूको श्रम र पसिना शोषण गर्ने, उनीहरूमाथि अन्याय र अत्याचार गर्ने प्रवृत्तिलाई सरल र सरस भाषा शैलीमा प्रस्तुत गरिएको देखिन्छ। एउटी नारी परिवारबाट उत्पीडित हुँदा समाजबाट पनि उसले न्याय नपाएको स्थिति, बहुबिवाहको संस्कृति, नारी नै पुरुषका सामन्ती सोचका संवाहक भएका स्थिति आदिको सफल चित्रण कथामा गरिएको छ । आर्थिक विपन्नता, नारीले निवेक गरेर पुरुषलाई पढाएको स्थिति बोध गराउँदै कथाकारले नारी नै घर, समाजमा उपेक्षित हुनु पर्ने, आफ्नै लोग्नेबाट आर्थिक, सामाजिक र भौतिकरूपमा शोषित हुनु पर्ने, पारिवारिक तथा सामाजिक अवस्थामा देवयानी जस्ता सरल तथा सिर्जनशील नारीले मृतजीवी जीवन बिताउनु पर्ने बाध्यता सिर्जना भएको कुरा कथामा मार्मिक रूपमा अभिव्यक्त गरिएको छ। आफ्नो स्वार्थमा नारीलाई सक्दो उपयोग गरी तिरस्कार गर्न सक्ने पुरुषहरूको संवेदनाहीन पशुवत् व्यवहार पनि यहाँ झल्किएको छ । यस्ता नरपशुबाट बच्नका निम्ति नारीका दमित आवाजलाई पनि कथामा सचेत भएर उद्घाटित गर्ने प्रयास गरिएको छ। त्यसैले यस कथामा सुधारवादी नारी चेतना झल्किएको पनि देखिन्छ।

## सन्दर्भसामग्री सूची


अर्याल, भोजेन्द्र (२०६८). 'नेपाली समाज र संस्कृतिका उपागमहरू'. काठमाण्डौंः ज्ञानकुञ्ज प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८). 'सिद्धान्तका कुरा'. काठमाण्डौंः अक्षर क्रिएसन ।

गौतम, कृष्ण (२०६४). 'उत्तर आधुनिक जिज्ञासा'. काठमाण्डौंः भृकुटी पब्लिकेसन्स ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). 'नेपाली साहित्यमा उत्तरआधुनिक नेपाली समालोचना'. काठमाडौंः ओरियन्टल पब्लिकेसन ।

पहाडी, किशोर (२०६०). *'मृतजीवी'*. 'समसामयिक साझा कथा'. दोस्रो संस्करण, सम्पादक, मोहनराज शर्मा र राजेन्द्र सुवेदी. ललितपुरः साझा प्रकाशन ।

फुको, मिसेल (सन् १९७२). 'द आर्कियोलोजी अफ नलेज'. न्यूयोर्कः प्यान्गुईन प्रकाशन ।

बराल, ऋषिराज (२०५२). 'मार्क्सवाद तथा उत्तर आधुनिकतावाद'. विराटनगर : सविता प्रकाशन ।

यमी, हिसिला र बाबुराम भट्टराई. (२०६३). 'मार्क्सवाद र महिला मुक्ति'. काठमाण्डौं : टु लाइन पब्लिकेशन प्रा.लि. ।

## Guidelines for submission

*The Saptagandaki Journal* is a multi disciplinary research journal published by Research Management Cell of Saptagandkai Multiple Campus (SMC), Bharatpur, Chitwan. It publishes original research articles, review articles and concept papers related to various academic disciplines like Management Studies, Finance, Accounting, Economics, Population Studies, Pure and Applied Sciences, Mathematics, Linguistics, English and Nepali literature, Education , Psychology, Health Education, Health Sciences, Sociology, Mass Communication etc. The journal invites authentic research articles on issues of current interest concerning the above academic disciplines from professional researchers, practitioners, research scholars in universities, teaching faculties and freelance researchers.

The articles should be submitted in clear and concise format with properly set off abstracts and conclusions, and should be written in the English language (except the ones concerning Nepali language and literature). Authors are requested to follow APA style of citation and referencing. Follow the following guidelines:

**1) Book with Single Author:**

Gore, A. (2006). *An inconvenient truth: The planetary emergency of global warming and what we can do about it.* Emmaus, PA: Rodale.

**In-text reference:** (Gore, 2006)

**2) Book with Two Authors:**

Michaels, P. J., & Balling, R. C., Jr. (2000). *The satanic gases: Clearing the air about global warming.* Washington, DC: Cato Institute.

**In-text reference:** (Michaels & Balling, 2000)

**3) Book with Editor as Author:**

Galley. K. E. (Ed.). (2004). *Global climate change and wildlife in North America.* Bethesda, MD: Wildlife Society.

**In-text reference:** (Galley, 2004)

**4) Brochure or Pamphlet:**

New York State Department of Health. (2002). *After a sexual assault.* [Brochure]. Albany, NY: Author.

**In-text reference:** (New York, 2002)

**5) An Anonymous Book:**

*Environmental resource handbook.* (2001). Millerton, NY: Grey House.

**In-text reference:** (Environmental Resource Handbook, 2001)

**6) Articles in Reference Books (unsigned and signed):**

Greenhouse effect. (2005). *American heritage science dictionary.* Boston, MA: Houghton Mifflin.

Schneider, S. H. (2000). Greenhouse effect. *World book encyclopedia* (Millennium ed. Vol. 8, pp. 382-383). Chicago, IL: World Book.

**In-text references:** (Greenhouse effect, 2005)

(Schneider, 2000)

**7) Magazine Articles:**

Allen, L. (2004, August). Will Tuvalu disappear beneath the sea? Global warming threatens to swamp a small island nation. *Smithsonian,* 35(5), 44-52.

Begley, S., & Murr, A. (2007, July 2). Which of these is not causing global warming? A. Sport utility vehicles; B. Rice fields; C. Increased solar output. *Newsweek,* 150(2), 48-50.

**In-text references:** (Allen, 2004)

(Begley, 2007)

**8) Newspaper Articles (unsigned and signed):**

College officials agree to cut greenhouse gases. (2007, June 13). *Albany Times Union,* p. A4.

Landler, M. (2007, June 2). Bush's Greenhouse Gas Plan Throws Europe Off Guard. *New York Times,* p. A7.

**In-text references:** ("College Officials", 2007)

(Landler, 2007)

**9) Journal Article with Continuous Paging:**

Miller-Rushing, A. J., Primack, R. B., Primack, D., & Mukunda, S. (2006). Photographs

and herbarium specimens as tools to document phonological changes in response to global warming. *American Journal of Botany,* 93, 1667-1674.

**In-text reference:** (Miller-Rushing, Primack, Primack, & Mukunda, 2006)

**10) Journal Article when each issue begins with p.1:**

Bogdonoff, S., & Rubin, J. (2007). The regional greenhouse gas initiative: Taking action in Maine. *Environment,* 49(2), 9-16.

**In-text reference:** (Bogdonoff & Rubin, 2007)

**11) Journal Article from a Library Subscription Service Database with a DOI (digital object identifier):**

Mora, C., & Maya, M. F. (2006). Effect of the rate of temperature increase of the dynamic method on the heat tolerance of fishes. J*ournal of Thermal Biology,* 31, 337-341. doi: 10.101b/jtherbio.2006.01.055

**In-text reference:** (Mora & Maya, 2006)

**12) Website:**

United States Environmental Protection Agency. (2007, May 4). *Climate Change.* Retrieved From the Environmental Protection Agency website: http://www.epa.gov/climatechange

**In-text reference:** (United States Environmental, 2007)

Gelspan, R. (2007). *The Heat Is Online.* Lake Oswego, OR: Green House Network. Retrieved from The Heat Is Online website: http://www.heatisonline.org

**In-text reference:** (Gelspan, 2007)

The articles should be submitted either in printed form or in electronic versions through email. All submissions and related correspondence should be addressed to:


***The***

***Saptagandaki Journal***

Research Management Cell

Saptagandaki Multiple Campus

Bharatpur-10, Chitwan, Nepal

Phone: 056-522558, 520754

Email: thesaptagandaki@smc.edu.np

kapilsapta@yahoo.com